# कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह पाठ्यक्रम

तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आंशिक आवश्यकता

परिपूर्तिको लागि प्रस्तुत शोध

प्रतिवेदन


शोधकर्ता

बेगवहादुर काफ्ले

परीक्षा रोल नं. २८०००८/२०६७

त्रि. वि.दर्ता नं. ५ -१- ९- २२१ -२००३



त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रीय विभाग

पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग

कीर्तिपुर, काठमाडौं


२०६९

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**त्रि.वि कीर्तिपुर**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौ स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्र बेगवहादुर काफ्लेले मेरो प्रत्यक्ष निर्देशनमा रही **कक्षा ९ को सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था** शीर्षकको शोध प्रतिवेदन तयार गर्नु भएकोले उहाँको लेखन कार्यमा सन्तुष्ट छु। त्यसैले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु।

...............................

सुपरीवेक्षक

सह.प्रा. श्री जनार्दन घिमिरे

मिति : २०६९/०४/१५

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**त्रि.वि कीर्तिपुर**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्र बेगवहादुर काफ्लेले आशिंक आवश्यकता परिपूर्तिको लागि **"कक्षा ९ को सामाजिका शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था"** शीर्षक शोध प्रतिवेदन तयार गरी मूल्याङ्कन गर्न स्वीकृतिका साथ यस समितिमा पेश गरिएकोमा स्वीकृति प्रदान गरिएको छ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| प्राध्यापक स्वयंप्रकाश ज.व.रा. (विभागीय प्रमुख) | ............................ |
| सह- प्राध्यापक जनार्दन घिमिरे (शोध निरीक्षक) | ............................ |
| उप- प्राध्यापक किरणराम रञ्जितकार (बाह्य परिवेक्षक) | .............................. |

मिति : २०६९/०४/२४

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आंशिक आवश्यकता पुरा गर्नको लागि यो शोध प्रतिवेदन तयार गरिएको हो । यस अध्ययनको सुरु देखि प्रतिवेदन तयारीका क्रममा आदरणीय गुरु तथा शोध निरीक्षक सह.प्राध्यापक जनार्जन घिमिरेले आफ्नो विविध कार्यव्यस्तताका बावजुत पनि प्रत्यक्ष निर्देशन, सुझाव, सल्लाह र अमूल्य समय प्रशस्त उपलब्ध गराई मेरो शोधकार्यमा अभिप्रेरणा दिई हरेक कार्यमा हरपल सहयोग पुऱ्याउनु भएकोमा सर्वप्रथम उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसैगरी प्रस्तुत शोधपत्रको शीर्षक छनौट गर्न आवश्यक प्रेरणा र सुझाव दिनाका साथै यस अध्ययन प्रतिवेदन तयारीका क्रममा सुझाव सत्लाह तथा समय दिएर सहयोग गर्न हुने आदरणीय गुरु तथा विभागीय प्रमुख प्रा.स्वयम प्रकाश ज.व.रा.ज्यू प्रति आभारी छु ।

अध्ययन तथा प्रतिवेदन लेखनमा आवस्यक तथ्याङ्क उपलब्ध गराएर सहयोग गर्ने श्री भाषा उ.मा.वि.का प्र.अ. श्री चेतनाथ वाग्ले र विषय शिक्षक श्री राजमणि घिमिरेलाई हार्दिक धन्यवाद दिन चाहुन्छु । त्यस्तै श्री गोकुण्डेश्वर वालमन्दिर उ.मा.वि. धनकुटाका प्र.अ. श्री शिव प्रसाद पोख्रेल र विषय शिक्षक श्री प्रभा श्रेष्ठलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । यस अध्ययनको क्रममा आवश्यक सूचनाहरु उपलब्ध गराएर सहयोग गर्ने हुने जिल्ला शिक्षा कार्यालय धनकुटाका स्रोतव्यक्ति श्री केदार अधिकारी प्रति आभारी छु । यो अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा विभिन्न छलफल, सहयोग र सदभाव प्रदान गर्नु हुने मित्रहरु महेशराज जोशी, इन्द्रराज अर्याल र दिनेश के.शी.लाई हार्दीक धन्यवाद दिन चाहन्छु । अत्यमा यो प्रतिवेदनको केही भाग टाइपीङ गरी सहयोग पुर्याउनु हुने मित्र जिवन श्रेष्ठलाई हार्दीक धन्यवाद दिन चाहन्छु ।

अध्ययनकर्ता

बेगवहादुर काफ्ले

## शोधसार

यस अध्ययनको शीर्षक कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था रहेको छ। यस अध्ययनको मुख्य उद्देश्य कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्नु, उक्त विषयको पाठ्यक्रम कार्यान्वयनका समस्याहरू पत्ता लगाउनु र कार्यान्वयनका समस्या समाधानका उपायाहरू पत्ता लगाउनु रहेको थियो। प्रस्तुत अध्ययन निम्न अनुसन्धान प्रश्नहरूमा केन्द्रित रहेको थियो। कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रम कसरी कार्यान्वयन भईरहेको छ ?, पाठ्यक्रम कार्यान्वयनको क्रममा आधारभूत तहका सरोकारवालाहरू (स्रोतव्यक्ति, प्र.अ., विषय शिक्षक) ले के कस्ता समास्याहरू सामना गरिरहेका छन् ?, देखिएका समस्याहरू समधान गर्न के कस्ता उपायाहरू अवलम्वन गर्न सकिन्छ ?, शिक्षणमा शिक्षकहरूले कस्ता शिक्षण विधीहरु प्रयोग गरिरहेका छन् ?, सामग्रीहरूको निर्माण र प्रयोग के कसरी गरिरहेका छन् ?, पाठ्यक्रम कार्यान्वयनमा प्र.अ.र विषय शिक्षकहरूको भूमिका के कस्तो रहेछ ?, सामाजिक शिक्षा शिक्षणमा के कस्ता योजना निर्माण र कार्यान्वयन गर्दा रहेछन् ?, विद्यार्थी मूल्याङ्कन के कसरी गर्दा रहेछन। यो अध्ययन संरचनात्मक कार्यवाद सिद्धान्त, फेनोमेनोलोजिकल सिद्धान्त, सामाजिक पुननिर्माणवाद, उत्तर आधुनितावादी दर्शन र पाठ्यक्रम कार्यान्वयनको संगठनात्मक विकास नमुनालाई सैद्धान्तिक आधार लीई सम्पन्न गरिएको छ। कक्षा नौको सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्न पाठ्यक्रम कार्यान्वयनका आधाभूत तहका सरोकारवालाहरू (स्रोतव्यक्ति, प्र.अ., विषय शिक्षक) को अनुभव र भोगाइमा आधारीत भएर पूर्णतया गुणात्मक विधीबाट यो अध्ययन सम्पन्न गरिएको छ। प्रस्तुत अध्ययनका उद्देश्य प्राप्तिको लागि धनकुटा नगरपालिकामा रहेको श्री भाषा उच्च माध्यामिक विद्यालय र श्री गोकुण्डेश्वर वालमन्दिर उच्च माध्यामिक विद्यालयलाई उद्देश्य मूलक रुपमा छनौट गरिएको थियो। यो अनुसन्धान पूर्णतया गुणात्मक विधीमा आधारीत भएको हुनाले छनोटमा परेका विद्यालयहरूका स्रोतव्यक्ति, प्रधानाध्यापक र विषय शिक्षकहरूलाई पनि उद्देश्य मुलक रुपमा छनोट गरी आवश्यक तथ्याङ्क तथा सूचना संकलन गरिएको थियो।

यस अध्ययनलाई सहयोग पुग्ने हिसावले सामाजिक शिक्षासँग सम्वन्धित पूर्वसाहित्यहरूको समिक्षा गरिएको थियो। यस अध्ययनको क्रममा आवश्यक पर्ने तथ्याङ्कको रुपमा सरोकारवालाहरूको अनुभव र भोगाइहरूलाई जस्ताको तस्तै रूपमा संकलन गर्ने प्रयास गरिएको थियो। यस अध्ययनको उद्देश्य प्राप्तीकोलागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न दुवै विद्यालयका प्रधानाध्यापक, स्रोतव्यक्ति र विषय शिक्षकहरूसँग लक्षितसमूह छलफल आयोजना गरिएको थियो। त्यस्तै प्र.अ.र विषय शिक्षकहरूसँग असंरचित अन्तर्वाता लीइएको थियो। त्यस्तै दुवै विद्यालयमा कक्षा नौको सामाजिक शिक्षाको कक्षा अवलोकन गरी आवश्यक तथ्याङ्क संकलन गरिएको थियो। यसक्रममा अनुसन्धान कर्ताले गुणात्मक अध्ययनमा पालन गर्नु

पर्ने नैतिक तथा मूल्यगत पक्षहरूलाई बढी भन्दा बढी पालन गर्ने प्रयास गरिएको थियो । त्यस्तै नैतिक तथा मूल्यगत पक्षहरूलाई सूचनाको विश्लेषण व्याख्या गर्दा देखि लिएर यो प्रतिवेदन तयार गर्ने कार्यमा समेत पालन गर्ने प्रयास गरिएको छ ।

ती नौवटा एकाइमा रहेका विषयवस्तुहरूलाई शिक्षण गर्न प्रश्नोत्तर, अनुभवलेखन, क्षेत्रभ्रमण, व्याख्या, छलफल, पदर्शन आदि विधीहरूको प्रयोग गरी शिक्षण गर्नु पर्ने अवस्था रहेको पाईयो । यस अध्ययनको लागि छनौटमा परेका विद्यालयमा सामाजिक शिक्षा पठन पाठनको लागि उच्च अनुभवी, दक्ष, योग्य र तालिम प्राप्त शिक्षकहरू संलग्न रहेको पाइयो । ती विद्यालयमा कार्यरत प्रधानाध्यापकहरू झन अनुभवी, दक्ष र उच्च योग्यता भएका रहेको पाइयो । दुवै विद्यालयका विषय शिक्षकहरूको सामाजिक शिक्षा प्रतिको बुझाई लगभग उस्तै उस्तै रहेको पाइयो । उनीहरूको बुझाइमा सामाजिक शिक्षा एउटा एकिकृत विषय हो । यसको अध्ययन गराउने शिक्षक धेरै कुरामा पारङ्गत हुनु पर्छ । तर शिक्षकले सवै कुरामा पारङ्गत हुन नसकिने उनीहरुको तर्क रहेको थियो । सामाजिक शिक्षा विद्यार्थीहरूलाई समुदाय, राष्ट्र र अन्तराष्ट्रिय सम्वन्धको वारेका ज्ञान दिनको लागि राखिएको हो भन्ने उनीहरूको बुझाइ रहेछ । छनौटमा परेका विद्यालयहरूमा हाल वार्षिक योजनाको सट्टामा छ महिनाको लागि TIP (Teaching Improve Plan) बनाएर कार्यान्वयन गरेको अवस्था रहेछ । दैनिक पाठ्योजना भने विस्तृत रुपमा नबनाई छोटकरीमा डायरीमा बनाउने गरेको पाईयो ।

छनौटमा परेको विद्यालयहरूमा नयाँ पाठ्यक्रम र शिक्षक निर्देशिका नरहेको अवस्था रहछे । त्यस्तै पाठ्यपुस्तकहरू भने समयमै उपलव्ध भएको अवस्था रहेछ । शिक्षणको क्रममा धेरैजसो व्याख्या, प्रश्नोत्तर, प्रदर्शन लगायतका शिक्षण विधीहरू प्रयोग गर्ने गरेको अवस्था रहेछ । सामाजिक शिक्षा पठन पाठनको क्रममा कोर्स नसकिने गरेको अवस्था रहेछ । शिक्षकहरूलाई विद्यार्थी सख्ंया बढी भएको हुदा शैक्षिक भ्रमण र गृहकार्य जाचँमा समस्या हुने गरेको रहेछ । ती विद्यालयहरूमा विद्यार्थी मूल्याङ्कन गर्दा स्रोत केन्द्रको निर्देशन अनुसार अर्धवार्षिक र वार्षिक परीक्षा गरी गर्ने गरेको अवस्था रहेछ । पाठ्यक्रम कार्यान्व्यनका आधारभूत तहका सरोकारवालाहरूको अनुभव र भोगाईमा पाठ्यक्रम कार्यान्वयनमा निम्न समस्या रहेको पाईयो । शिक्षक निर्देशिका वजारमा पनि नपाइएको, अनुगमन र निरीक्षण कमजोर रहेको पाइयो । कार्यान्यनका समस्या समाधान गर्न निम्न उपायाहरू अवलम्न गर्न सकिने अवस्था रहेछ । पाठ्यक्रम, शिक्षक निर्देशिका र पाठ्पुस्तकलाई सर्वसुलभ वनाइनु पर्ने, शिक्षकहरूलाई पाठ्यक्रम कार्यान्वयन सम्वन्धी तालिम दिइनुपर्ने । क्लीनिकल अनुगमन र निरीक्षणमा जोड दिनुपर्ने यस अध्ययनको क्रममा प्राप्त भएको तथ्यको आधारमा पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी वनाउन सम्वन्धित निकायले शिक्षक निर्देशिका, पाठ्यक्रम र पाठ्यपुस्तकलाई समयमै उपलव्ध गराउनु पर्ने । क्लीनिकल अनुगमन र निरीक्षणमा जोड दिनु पर्ने । शिक्षक

तथा प्र.अ.को इनसेन्टीभ वृद्धी गरीनु पर्ने र प्र.अ.को पदलाई अधिकार सम्पन्न वनाईनु पर्ने आदि सुझावहरु सुझाईएको छ ।

यो अध्ययन निस्चित समय स्रोत साधनको अभावले पाठ्यक्रम कार्यान्वयनमा आधारभूत तहका सरोकारवालाहरू स्रोतव्यक्ति, प्रधानाध्यापक, विषय शिक्षकहरूमा मात्र सिमित रहेको, दुईवटा विद्यालयमा मात्र सिमित रहेको छ । यस अध्ययनले अन्तर्वार्ता, कक्षा अवलोकन, लक्षितसमूह छलफल जस्ता साधनहरू मात्र प्रयोग गरी अध्ययन कार्य अघि वढाइएकोले यसका प्राप्तिहरु ठूलो क्षेत्रमा सामान्यिकरण गर्न नसकिने खालका हुन सक्दन् । पछिल्ला अनुसन्धानकर्ताहरूलाई म के सुझाव दिन चाहन्छु भने विद्यालय तहको सम्पूर्ण पाठ्यक्रम देशभरी के कसरी कार्यान्वयन भईरहेको छ भन्ने सम्वन्धमा व्यापक अनुसन्धान गर्नु पर्ने देखिन्छ ।

## विषय सूची

पेज नं.

*सिफारीस पत्र* **I**

*स्वीकृति पत्र* **II**

*कृतज्ञता ज्ञापन* **III**

*शोध सार* **IV**

*विषय सूची* **VII**

*तालिका सूची* **X**

### परिच्छेद एक

### परिचय

१.१ अध्ययनको पृष्ठभूमी १

१.१.१ नेपालमा सामाजिक शिक्षा विषयको पठन पाठन ४

१.२ समस्याको कथन ७

१.३ अध्ययनको औचित्य ८

१.४ अनुसन्धान प्रश्नहरू ९

१.५ अध्ययनको उद्देश्य १०

१.६ अध्ययनको सिमीतता १०

### परिच्छेद दुई

### सम्वन्धित साहित्यको पुनरावलोकन

२.१ सैद्धान्तिक साहित्यको समिक्षा १२

२.२ कक्षा नौको वर्तमान पाठ्यक्रम १५

२.३ सामाजिक शिक्षा पाठ्यक्रम सम्वन्धी अध्ययनहरू १८

२.४ अवधारणात्मक संरचनाको निर्माण २१

## परिच्छेद तीन

## अध्ययन विधि

३.१ अनुसन्धान ढाँचा २२
३.२ अध्ययनक्षेत्र र सहभागीहरूको छनोट २२
३.२.१ विद्यालयको छनोट २३
३.२.२ स्रोतव्यक्तिको छनोट २३
३.२.३ प्रधानाध्यापकको छनोट २३
३.२.४ विषय शिक्षकको छनोट २३
३.३ तथ्याङ्क संकलनका साधनहरू २४
३.३.१ अवलोकन फारम २४
३.३.२ अन्तर्वार्ता निर्देशिका २४
३.३.३ लक्षितसमूह छलफल निर्देशिका २५
३.४ साधनको वैधता २५
३.५ तथ्याङ्क संकलन प्रक्रिया २५
३.५.१ प्राथमिक तथ्याङ्क संकलन प्रक्रिया २५
३.५.२ द्धितिय तथ्याङ्क संकलन प्रक्रिया २७
३.५.३ प्रत्यावर्तीत लेखन २७
३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २७
३.७ अनुसन्धानको क्रममा विचार पुर्याइएका नैतिक तथा मूल्यगत पक्षहरु २८

## परिच्छेद चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

४.१ सामाजिक शिक्षा विषयको पाठ्यक्रमको स्वरुप २९
४.२ सामाजिक शिक्षा विषयको पाठ्यक्रम कार्यान्वयनको अवस्था ३१

४.२.१ शिक्षकको व्यवस्था ३२

४.२.२ सामाजिक शिक्षाप्रतिको शिक्षकहरूको बुझाइ ३३

४.२.३ सामाजिक शिक्षा शिक्षणमा योजनाको अभ्यास ३४

४.२.४ पाठ्यक्रम, शिक्षक निर्देशिका र पाठ्पुस्तकको उपलव्धता र प्रयोग ३४

४.२.५ शैक्षिक सामग्री प्रयोगको अवस्था ३५

४.२.६ शिक्षण विधिहरुको प्रयोगको अवस्था ३६

४.२.७ पठन पाठन क्रियाकलाप र गृहकार्यको प्रयोगको अवस्थ ३७

४.२.८ विद्यार्थी मूल्याङ्कन प्रक्रिया ३८

४.२.९ कार्यान्वयनमा अन्य निकायवाट प्राप्त सहयोग ३९

४.३ पाठ्यक्रम कार्यान्वयनमा सरोकारवालाहरूले अनुभव गरेका समस्याहरू ४१

४.४ सरोकारवालाहरूको अनुभवकैआधारमा कार्यान्वयनमा देखिएका समस्यासमाधानका उपायाहरू ४३

**परिच्छेद पाँच**

**प्राप्ति, निष्कर्ष र सुझाव**

५.१ प्राप्ति ४६

५.२ निष्कर्ष ४८

५.३ सुझाव ५०

**सन्दर्भग्रन्थ सूची** ५२

**अनुसूची**

# तालिका सूची

**पेज नं.**


तालिका नं १.१ विद्यालय पाठ्यक्रममा सामाजिक शिक्षा विषयको अवस्था ६

तालिका नं २.१ कक्षा नौको सामाजिक शिक्षाको समावेश गरीएका विषयवस्तु, पाठ्यभार र अङ्क विभाजन १६

तालिक नं ४.१ सामाजिक शिक्षा विषयको पाठ्यक्रमको स्वरुप ३०